# सहिदभूमि राजपत्र

**सहिदभूमि गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड-२, सङ्ख्या-१ सहिदभूमि राजपत्र, मिति : २०७६/१२/०६

**भाग-२**

सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

## फूसको छानो हटाई टिनको छानो लगाउने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**स्वीकृत मिति : २०७६/१२/**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११** (ञ) ले दिएको अधिकार प्रयोग गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सहिदभूमि गाउँ कार्यपालिकाले **फूसको छानो हटाई टिनको छानो लगाउने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५** जारी गरेको छ ।

### प्रस्तावना :

नेपालको संविधानको प्रदत्त नागरिकको मौलिक हक अर्न्तगत आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुखी रहेका, प्रकोपका कारण घरवारविहिन भएका घरपरिवारहरुले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिबीको रेखामुनीरहेका, पराल वा खरको छाना भएका घर

परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणको लागि चालु आ.ब. २०७६/०७७ को बजेट तथा कार्यक्रममा सबै गाउँसभा सदस्य रु. एक लाखको योजनाको सार्वजनिक निर्माण सुधार कार्यक्रम अर्न्तगत फूसको छानो हटाई टिनको छानो लगाउने कार्यक्रमको कार्यान्वयन गर्न सहिदभुमि गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**

(क) यस निर्देशिकाको नाम "**फूसको छानो हटाई टिनको छानो लगाउने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५**" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्तै लागु हुने छ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

(घ) "सभा सदस्य" भन्नाले गाउँपालिकाको गाउँसभा सदस्यहरु सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले सहिदभुमि गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(च) "वडा" भन्नाले सहिदभुमि गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(छ) "वडा अध्यक्ष" भन्नाले गाउँपालिकाको वडाअध्यक्ष सम्झनु पर्छ ।

(ज) "सुरक्षित नागरिक आवास" भन्नाले आगलागी तथा हावा, पानी थेग्न सक्ने गरी निर्माण गरिएका काठ, ईटा, ढुंगा वा ब्लक आदिको गारो भई पराल खर बाहेकका छानायुक्त आवासीय भवन सम्झनु पर्छ ।

(झ) "लाभग्राही" भन्नाले दफा ३ बमोजिम पहिचान भएका गरिएका व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(ञ) "लक्षित वर्ग" भन्नाले दफा ३ बमोजिम पहिचान भएका गरिबीको रेखामुनी रहेका पराल वा खरको छाना भएका घरपरिवार र प्रकोपका कारण घरवार विहिन भएका परिवारहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## लक्षित वर्गको पहिचान र छनौटका आधार

**३. लक्षित वर्गको पहिचान :**

(क) लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला आदि आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्रीबाट छाएको,

(ख) गरिबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार,

(ग) जग्गाधनी प्रमाणपुर्जा वा घरजग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण,

(घ) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,

(ङ) गरिबीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस

**४. लाभग्राहीको छनौटको आधार तथा विधि :**

(क) लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, गारो आदि विपन्नताको आधारमा सभा सदस्यहरुले छनौट गरी अनुसुचि १ बमोजिमको फाराम सिफारिस सहित गाउँपालिकामा पेश गर्ने ।

(ख) दफा (३) बमोजिम लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमुलीलाई प्राथमिकता दिनु पर्नेछ ।

(ग) सगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र अनुदान रकम पाउनेछ ।

(घ) प्रमुख प्रशासकीय अधिकृतले दफा (३) बमोजिमका लाभग्राहीहरु दफा (४) बमोजिम सभा सदस्यहरुले छनौट सहित सिफारिस भएपछि कार्यान्वयन प्रक्रिया अघि बढाउनुपर्नेछ ।

## परिच्छेद-३

## अनुदान रकम तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

### ५. अनुदान सम्झौता र वित्तीय प्रबन्धः

(क) कार्यक्रम संचालनका लागि गाउँपालिकाले फूसको छानो हटाई टिनको छानो लगाउने कार्यक्रम अर्न्तगत सार्वजनिक निर्माण सुधारमा विनियोजित बजेटबाट व्यवस्थापन गरिनेछ । साथै प्रति घर रु. ५०,०००।०० मात्र उपलब्ध गराईनेछ ।

(ख) सभा सदस्यहरुले लाभग्राहीको पहिचान गरी छनौट सहित सिफारिस भएका लाभग्राहीहरुसंग अनुसूची २ बमोजिमको ढाँचामा अनुदान सम्झौता गरी लाभग्राहीहरुको बैंक खाता खोली बैंक मार्फत सम्बन्धित लाभग्राहीको खातामा रकम उपलब्ध गराउनेछ,

(ग) अनुदान सम्झौता भई सकेका प्रत्येक लाभग्राहीलाई जस्तापाता, काठ लगायतको निर्माण सामाग्री खरिद गर्न अनुदान वापत तोकिएको रकम गाउँपालिकाले उपलब्ध गराउनेछ,

(घ) अनुदान सम्झौता भएका लाभग्राहीलाई बैक खाता मार्फत गाउँपालिकाले दुई किस्तामा अनुदान रकम उपलब्ध गराउने छ,

(ङ) पहिलो किस्ता बापत सम्झौता भएपछि ६० प्रतिशत रकम उपलब्ध गराउने छ । लाभग्राहीले सो रकम जस्तापाता, काठ वा ज्याला लगायतको खरिद गरी निर्माण कार्य अघि बढाउनको लागि खर्च गर्नु पर्नेछ ।

(च) पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको कुरा सम्बन्धित सभासदस्य, वडा कार्यालय र प्राविधिक प्रतिवेदन अनुसार दोश्रो/अन्तिम किस्ता बापत ४० प्रतिशत उपलब्ध गराइनेछ ।

**६. अनुदान रकम असुल उपर गराइने :**

कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाइएमा वा जुन प्रयोजनका लागि अनुदान रकम उपलव्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्चगरेको पाईएमा त्यस्तो अनुदानको रकम गाउँपालिकाले असुल उपर गर्नेछ ।

**७. निर्माण सम्पन्न भएको मानिने :**

सम्बन्धित प्राविधिकबाट सम्झौता बमोजिम निर्माण सम्पन्न भएको भनि सिफारिस भएपछि मात्र निर्माण कार्य सम्पन्न भएको मानिने छ ।

## परिच्छेद-४

## कार्यक्रम कार्यान्वयनमा सरोकारवालाको भूमिका

**८. वडा कार्यालय**

वडा कार्यालयहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सुरक्षित नागरिक आवास पहिचान र छनौटका लागि आवश्यक सहयोग प्रदान गर्ने ।

(ख) सभा सदस्यले लाभग्राहीको पहिचान र छनौट गरेपछि लाभग्राहीको निवेदन संकलन गरी गाउँपालिकामा सिफारिस साथ पठाउने,

(ग) प्राप्त निवेदन अनुसार लाभग्राहीको सर्वेक्षण गर्न गाउँपालिकाबाट खटिने प्राविधिकहरुलाई आवश्यक सहयोग प्रदान गर्ने,

(घ) गाउँपालिकासंग सम्झौता भएका लाभग्राहीहरुलाई दोश्रो (अन्तिम) किस्ता वापतको रकम उपलव्ध गराउन कार्य सम्पन्न भएको सिफारिस उपलव्ध गराउने,

(ङ) निर्माणाधिन आवास इकाईहरुको निर्माण कार्य समयमै सम्पन्न गर्नको लागि आवश्यक सहयोग तथा समन्वय गर्ने ।

९. कार्यपालिका तथा सभा सदस्य

सम्बन्धित कार्यपालिका/सभा सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) उपलव्ध वार्षिक बजेट र आवश्यकताको आधारमा कार्यक्रम कार्यान्वयन लागि कार्यक्रम लागु भएका वडाहरुमा आवास संख्या निर्धारण गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको क्रममा आईपरेका बाधा अड्चन फुकाउने प्रयास गर्ने,

(ग) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(घ) कार्यक्रमको प्रगति समिक्षा गर्ने र कार्यान्वयनको लागि वडा कार्यालय र गाउँपालिकासंग समन्वय गर्ने ।

## परिच्छेद-५
## समिति सम्बन्धी

**१०. समन्वय समिति** : (क) कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्‍याउन गाउँपालिका स्तरमा देहाय बमोजिम समन्वय समिति रहनेछ :

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) सम्बन्धित वडाका वडाअध्यक्ष | सदस्य |
| (घ) सम्बन्धित गाउँसभा सदस्य | सदस्य |
| (ङ) प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

(ख) समन्वय समितिको बैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ ।

(ग) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. गाउँपालिका स्तरीय समन्वय समितिको काम, कर्तव्य र अधिकार : गाउँपालिका स्तरीय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाको निर्णय तथा निर्देशनलाई कार्यान्वयन गर्ने, गराउने,

(ख) कार्यक्रम कार्यान्वयनको लागि पहिचान र छनौट भएका लाभग्राहीहरुको अनुगमन गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको क्रममा सम्बन्धित सरोकारवालाहरु बीच समन्वय कायम गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने ,

(ङ) कार्यक्रम कार्यान्वयनको क्रममा देखा परेका समस्या समाधान गर्ने,

(च) लाभग्राहीका गुनासोहरुको व्यवस्थापन गर्ने ।

## परिच्छेद-६

## विविध

**१२. कन्टिन्जेन्सी खर्चको व्यवस्था** : (क) कार्यक्रमको प्राविधिक व्यवस्थापन गर्न गाउँपालिकाले दुई प्रतिशत सम्म रकम कन्टिन्जेन्सी खर्च वापत छुट्याउन सक्नेछ ।

(ख) उपदफा (ख) बमोजिम कन्टिन्जेन्सी खर्चको बाडँफाँड गर्दा कार्यक्रम संचालन, समितिको बैठक संचालन, लागत अनुमान, मूल्यांकन र अनुगमन, सुपरिवेक्षण, समिक्षा लगायतका कार्यमा मात्र छुट्याउन सकिनेछ ।

१३. निर्देशन पालन गर्नुपर्ने : गाउँपालिका स्तरीय समन्वय समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सबै सरोकारवालाहरुले पालना गर्नुपर्नेछ ।

१४. विवादको समाधान : कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा गाउँपालिका स्तरीय समन्वय समितिबाट दिइने निर्णय अन्तिम हुनेछ ।

१५. कारवाही हुने : कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुठ्ठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१६. सुविधा नपाउने : नेपाल सरकारबाट भूकम्प पुनःनिर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण वा सुरक्षित नागरिक आवास कार्यक्रम आदि जस्ता कार्यक्रमबाट लाभान्वित लाभग्राहीहरुलाई यस कार्यविधि बमोजिम अनुदान उपलव्ध गराइने छैन ।

# अनुसूची १

**दफा ४ उपदफा (क) संग सम्बन्धित**

**फूसको छानो हटाई टिनको छानो लगाउनको लागि लाभग्राही छनौट तथा सिफारिस पत्र**

**सहिदभूमि गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, धनकुटा**

**मिति :....................**

**विषय : सिफारिस गरिएको सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा गाउँसभाद्वारा प्रत्येक गाउँसभा सदस्यहरुको सिफारिसमा सार्बजनिक सुधार निर्माण अन्तर्गत रु. १,००,०००/– (अक्षरेपि एकलाख) मात्र बराबरको योजना सिफारिस गर्ने गरी निर्णय भई बजेट विनियोजन भएकाले निम्न विवरण भएका व्यक्तिलाई फूसको छानो हटाई टिनको छानो लगाउन कर्कटपाता, सामान्य काठ र मिस्त्री खर्चको व्यवस्था गर्न बढीमा रु. ५०,०००/– (अक्षरेपि पचासहजार) मात्र सहिदभूमि गाउँपालिकाबाट अनुदान उपलव्ध गराईदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिल** :

१.लाभग्राहीको नाम,थर : .............................. उमेर :- .... बर्ष
फोनं. नं. :- ...................

२.पति/पत्नी : .......................... आमा : ......................बुबा : ............ परिवार संख्या : ......

३.ठेगाना : सहिदभूमि गाउँपालिका वडा नं. : टोल..................जिल्ला : धनकुटा

४.ना.प्र.नं./अन्य परिचय-पत्र नं. :- ...........जारी मिति :-..................जिल्ला :.......

५.अनुदान प्राप्त गर्ने लाभग्राहीको आर्थिक,सामाजिक तथा अन्य अवस्था :–( ) चिन्ह दिनुहोस् ।

(क) अति विपन्न (ख) अपाङ्गता भएको (ग)एकल महिला
(घ) अशक्त, असहाय (ङ) अन्य..............

६.संलग्न कागाजातहरु :- ( ) चिन्ह दिनुहोस् ।

(क) लाभग्राहीको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि-१
(ख) वडा कार्यालयको सिफारिस-पत्र-१
(ग) वडा समितिको निर्णयको प्रतिलिपि–१
(घ) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि-१
(ङ) फूसको छानो भएको घरको फोटो-१

**सिफारिस गर्ने गाउँसभा सदस्य :-**

**नाम :** ....................................

**कार्यालयको छाप**

**ठेगाना :** .................................

**दस्तखत :** ...............................

# अनुसूची २
## दफा ५ उपदफा (ख) संग सम्बन्धित
## फूसको छानो हटाई टिनको छानो लगाउनको लागि लाभग्राही संग गरिने अनुदान सम्झौता पत्र

फूसको छानो हटाई टिनको छानो लगाउन सुरक्षित नागरिक आवास निर्माणका लागि धनकुटा जिल्ला सहिदभुमि गाउँपालिका वडा नं. .......... गाउँ/टोल ......... बस्ने श्री .................................... को नाती/नातीनी/बुहारी श्री .............................. को छोरा/छोरी/श्रीमती वर्ष ......... को लाभग्राही श्री ................................. ( यसपछि प्रथम पक्ष भनिने) र सहिदभुमि गाउँपालिका (यस पछि दोश्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही तोकिएको मापदण्ड बमोजिम फूसको छानो हटाई टिनको छानो निर्माण गर्न गराउन मिति २०७६ साल ......... महिना ........ गतेका दिन यो अनुदान सम्झौता पत्रमा सही छाप दस्तखत गरेका छौ ।

प्रथम पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरु :

१. मेरो घर पराल तथा खरको छाना रहेको ठीक साँचो हो । मैले मेरो घर पराल तथा खरको छाना रहेकोले फूसको छानो हटाई टिनको छानो लगाउने कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७५ एवं सम्झौता पत्रमा उल्लिखित शर्त अनुरुप बनाउनेछु ।

२. निर्माण सामाग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन र अन्य निर्माण कार्य गर्ने निर्माणकर्मी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी हुनेछ ।

३. मैले प्राप्त गर्ने सुरक्षित नागरिक आवास पुनर्निर्माण अनुदान रकम घरको छानाका लागि आवश्यक सामाग्री जस्तापाता, सहुलियत दरको काठ लगायतका सामाग्रीका लागि मात्र खर्चगर्नेछु ।

४. मैले तोकिएको बैंकमा खोलिएको खाता मार्फत अनुदान रकम रु. ५०,०००।०० ( अक्षरुपी पचास हजार मात्र) प्राप्त गर्नेछु ।

५. मैले पहिलो किस्ता बापत ६० प्रतिशत रकम प्राप्त गर्नेछु । सो रकम जस्तापाता र सहुलियत दरको काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अघि बढाउनको लागि खर्च गर्नेछु ।

६. मैले पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भई सम्बन्धित वडा कार्यालयको सिफारिस भई आएपछि दोश्रो तथा अन्तिम किस्ता बापत ४० प्रतिशत रकम प्राप्त गर्नेछु ।

७. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो । झुठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

दोश्रो पक्ष (सहिदभुमि गाउँपालिका) ले मञ्जुर गरेका शर्तहरु :

प्रथम पक्षबाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा निम्न अनुसारको सुरक्षित नागरिक आवास निर्माण अनुदान दोश्रो पक्षले बैंकमार्फत उपलव्ध गराउनेछ ।

(क) प्रथम पक्ष (लाभग्राही) को तर्फबाट
हस्ताक्षर
लाभग्राहीको नाम,थर :
ठेगाना :
नागरिकता नं. :
जारी मिति :
सम्पर्क नं. :
लाभग्राहीको औठा छाप :

| दाया | बायाँ |
|---|---|
| | |

(ख) बैंक खाता विवरण .तोकिएको बैंकमा खाता खोलेकोमा विवरण उल्लेख गर्ने :
बैंक खाता नं. :
खातावालाको नाम, थर :
बैंकको नाम :
शाखा :
(ग) १) साक्षीको नाम, थर .....................................
हस्ताक्षर : .............................
२) साक्षीको नाम, थर .....................................
हस्ताक्षर : .............................
(घ) दोश्रो पक्ष (सहिदभूमि गाउँपालिका)
हस्ताक्षर :
प्रमुख प्रशासकिय अधिकृतको नाम :
मिति :

आज्ञाले :
राज कुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत